# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, साउन २६ गते २०४६ साल (संख्या १८


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

#### आयकर (पहिलो संशोधन) नियमावली, २०४६

आयकर नियमावली, २०३९ लाई संशोधन गर्न बान्छनीय भएकोले, आयकर ऐन, २०३१ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "आयकर (पहिलो संशोधन) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. आयकर नियमावली, २०३९ मा नियम ६क. र ६ ख. थपः आयकर नियमावली, २०३९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ पछि देहायका नियम ६ क. र ६ ख. थपिएका छन्:–

"६क. थपघट वा परिवर्तन गर्न सकिनेः (१) आयकर दर्ताको प्रमाणपत्रमा उल्लेख गरिएका विवरणमा कुनै थपघट वा परिवर्तन गर्नु पर्ने भएमा करदाताले त्यसरी थपघट वा परिवर्तन गर्नु पर्ने कारण खुलाई सम्बन्धित कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुन आएको निवेदनमा उल्लेखित कारणहरू मनासिव देखेमा सम्बन्धित कर अधिकृतले आयकर दर्ताको प्रमाण-पत्रमा त्यस्तो थपघट वा परिवर्तन गरी दिनु पर्नेछ ।

६ख. दर्ताको प्रमाणपत्र खारेज गर्न सकिने: नियम ६ बमोजिम आयकर दर्ताको प्रमाणपत्र प्राप्त गरेको करदाताले त्यस्तो प्रमाणपत्र प्राप्त गरेको तीन वर्षसम्म त्यस्तो प्रमाणपत्रमा उल्लेखित कुनै कारोबार गरेको नदेखिएमा सम्बन्धित कर अधिकृतले त्यस्तो करदाताले प्राप्त गरेको आयकर दर्ताको प्रमाणपत्र खारेज गरी सो को जानकारी निजलाई दिनु पर्नेछ ।"

३. मूल नियमावलीमा नियम ७क., ७ख., ७ग. र ७घ. थप: मूल नियमावलीको नियम ७पछि देहायका नियम ७क., ७ख., ७ग. र ७घ. थपिएका छन्:–

"७क. आय विवरण सार्नु परेमा स्वीकृति लिनुपर्ने:(१) नियम ६ बमोजिम कुनै कर कार्यालयमा नाम दर्ता गराई आयकर दर्ताको प्रमाणपत्र लिएको करदाताले अन्य कुनै कर कार्यालयमा आफ्नो आय विवरण सार्न चाहेमा सो को कारण खुलाई विभागको स्वीकृतिको लागि नाम दर्ता भएको कर कार्यालय मार्फत विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा कर कार्यालयले निवेदन परेको सात दिन भित्र त्यस्तो निवेदन विभागमा पठाउनु पर्नेछ ।

७ख. विभागले आय विवरण सार्न स्वीकृति दिन सक्ने: (१) नियम ७क. बमोजिम परेको निवेदनमा उल्लेखित कारण मनासिव देखेमा विभागले त्यस्तो करदातालाई निजले आय विवरण सार्न चाहेको कर कार्यालयमा आय विवरण सार्न स्वीकृति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विभागले आय विवरण सार्ने स्वीकृति दिएमा सो को सूचना सम्बन्धित कर कार्यालय मार्फत आय विवरण सार्न चाहने करदातालाई दिनु पर्नेछ ।

७ग. आय विवरण सारिएमा दर्ताको प्रमाणपत्र पुनः लिनुपर्ने: (१) नियम ७ख. बमोजिम कुनै करदाताले एक कर कार्यालयबाट अर्को कर कार्यालयमा आय विवरण सार्ने स्वीकृति प्राप्त गरी आय विवरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सारेमा त्यसरी आय विवरण सारिएको कर कार्यालयबाट निजले पुनः अर्को आयकर दर्ताको प्रमाणपत्र लिनु पर्नेछ ।

(२) नियम ७ख. बमोजिम स्वीकृति प्राप्त भई कुनै कर कार्यालयले आफू कहाँ नाम दर्ता भएको कुनै कर दाताको आय विवरण अन्य कुनै कर कार्यालयमा सारी पठाउनु परेमा त्यस्तो करदातालाई आफूले दिएको आयकर दर्ताको प्रमाणपत्र खारेज गरी सो को जानकारी आय विवरण सारिएको कर कार्यालय र त्यस्तो करदातालाई समेत दिनु पर्नेछ ।

७घ. अन्य श्रोतको आय प्रमाणित गर्नु पर्नेः ऐनको दफा १० बमोजिम अरूलाई तिर्नुपर्ने वा तिरेको भनी देखाएको रकम र लगानी गरेको रकम करदाताले प्रमाणित गर्दा त्यस्तो लेनदेन वा लगानी प्रमाणित गर्ने सम्बन्धमा प्रचलित कानूनले कुनै कार्यविधि निर्धारण गरेको भए त्यस्तो कार्यविधि पूरा गर्नु पर्नेछ ।"

४. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः–

"९. पारिश्रमिक आयमा समावेश नगरिने : ऐनको दफा ८ को प्रयोजनको निमित्त नेपाल अधिराज्य स्थित कुनै संस्थाले आफ्नो कर्मचारीलाई विदेशमा खटाई वा विदेश स्थित कुनै संस्थाले आफ्नो कर्मचारीलाई नेपाल अधिराज्यमा खटाई काम लगाए बापत दिने तलबको ५० प्रतिशतसम्मको विदेश भत्ताको रकमलाई पारिश्रमिक आयमा समावेश गरिने छैन ।"

५. मूल नियमावलीमा नियम ९क. थपः मूल नियमावलीको नियम ९ पछि देहायको नियम ९क. थपिएको छः–

"९क. श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेः (१) ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ङ) मा उल्लेखित रकम भन्दा बढी पारिश्रमिक कसैलाई दिनु परी स्वीकृति माग्दा बढी पारिश्रमिक पाउने कर्मचारीको नाम, पद, शैक्षिक योग्यता, नियुक्ति मिति, नागरिकता, अनुभव र तलब स्केलको विवरण समेत पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण पेश गरी श्री ५ को सरकारबाट स्वीकृत भएको पारिश्रमिकमा नियमित रूपले थप हुने वार्षिक वृद्धि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाहेक तलब स्केलको परिवर्तन वा अन्य कुनै कारणबाट कर्मचारीको पारिश्रमिकमा थप हुने भएमा पुनः श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ ।"

६. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

"१०. टुटफुट (डिप्रिसिएशन) कट्टा गरिनेः (१) ऐनको दफा १२ बमोजिम वास्तविक खर्च कट्टा गर्दा अनुसूची–५ मा उल्लेख भए बमोजिम टुटफुट कट्टा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम टुटफुट कट्टा गर्दा कुनै पनि मालसामान खरिद वा प्राप्त गरेको महिनाको पछिको महिनादेखि सो माल सामानको परल मूल्यमा टुटफुट कट्टा गरिनेछ ।

(३) यो नियम प्रारम्भ हुनु भन्दा अघिदेखि सञ्चालन हुँदै आएका र यो नियमावली प्रारम्भ भएपछि सञ्चालन भएका उद्योग, व्यापार, पेशा वा व्यवसायले समान किस्ता प्रणाली वा घट्दो ह्रास कट्टी प्रणाली अपनाई टुटफुट कट्टा गर्न पाउने छ । यसरी अपनाएको प्रणालीलाई पछि परिवर्तन गर्न पाइने छैन ।

(४) टुटफुट कटाउँदा कुनै मालसामानको मूल्य रू. १०० भन्दा कम्ति हुने भएमा सो मूल्यलाई पनि टुटफुट मिह्लामा समावेश गरिनेछ ।

(५) उद्योगको उत्पादन कार्य वा अन्य निर्माण कार्यमा प्रत्यक्ष रूपले प्रयोग गरिने मालसामान नियमीत रूपले दुई वा दुई भन्दा बढी शिफ्ट (कार्य अवधि) मा प्रयोग गरेको ठहरेमा अनुसूची –५ मा उल्लेख भए बमोजिमको ह्रास कट्टीमा क्रमशःपच्चीस र पचास प्रतिशत थप ह्रास कट्टीको सहुलियत दिइनेछ ।

तर यस्तो शिफ्ट (कार्य अवधि) सम्बन्धित श्रम कार्यालय वा सम्बन्धित परियोजना प्रमुख वा विभागीय प्रमुखबाट प्रमाणित गरेको हुनुपर्नेछ ।"

७. मूल नियमावलीमा नियम १०क. र १०ख. थपः मूल नियमावलीको नियम १० पछि देहायका नियम १०क. र १०ख . थपिएका छन्:–

"१०क. विज्ञापन तथा अतिथि सत्कार खर्च कट्टा गरिने : (१) ऐनको दफा १२ बमोजिम विज्ञापन तथा अतिथि सत्कार खर्च कट्टा गर्दा विज्ञापन तथा अतिथि सत्कार खर्च छुट्टा छुट्टै देखिने गरी लेखा राखेकोमा कूल आयको क्रमशः दुई र एक प्रतिशत वा लेखा अनुसार जुन घटी हुन्छ त्यति रकम विज्ञापन तथा अतिथि सत्कार खर्च वापत कट्टा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम विज्ञापन तथा अतिथि सत्कार खर्च छुट्टा छुट्टै देखिने गरी लेखा नराखे पनि कूल आय स्पष्ट देखिने गरी लेखा राखिएकोमा प्रमाणित विज्ञापन तथा अतिथि सत्कार खर्च वा कूल आयको एकमुष्ट दुई प्रतिशत रकम मध्ये जुन घटी हुन्छ त्यति रकम विज्ञापन तथा अतिथि सत्कार खर्च बापत कट्टा गरिने छ ।

(३) उपनियम (१) वा (२) को प्रयोजनकोलागि कूल आय कायम गर्दा उद्योग, व्यापार, पेशा वा व्यवसायको मुख्य कारोवारबाट प्राप्त रकम (ग्रस रिसिप्ट) वा खरिद बिक्री कारोवार भएमा सो बिक्री कारोवारबाट प्राप्त कूल रकमलाई कूल आय मानिनेछ ।

तर खरीद बिक्रीको कारोबार गर्ने भए तापनि सो कारोवारबाट कमिशन, बोनस र यस्तै अन्य आय आर्जन गर्ने करदातालाई विज्ञापन तथा अतिथि सत्कार वापत खर्चमिह्ला दिंदा कमिशन, बोनस र त्यस्तै अन्य श्रोतबाट प्राप्त आयलाई नै कूल आय मानिनेछ ।

१०ख. प्रमाण पेश गर्नु पर्ने : अरूको घर जग्गा बहालमा लिए वापत बुझाएको बहाल रकमलाई ऐनको दफा १२ बमोजिम खर्च वापत कट्टा गर्ने प्रयोजनको लागि करदाताले बहाल बुझी लिने घर जग्गा धनीसंग घरजग्गा लिने दिने सम्बन्धमा गरेको सम्झौता र बहाल बुझाउँदा ऐनको दफा ३६ बमोजिम कर कट्टा गरी संचित कोषमा दाखिल गरेको प्रमाण पेश गर्नु पर्नेछ ।"

८. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः–

"११. जीवन बीमाको प्रिमियम मिह्ला हुनेः ऐनको दफा २६ को प्रयोजनको लागि आय आर्जन गर्ने व्यक्तिले राष्ट्रिय बीमा संस्थान वा प्रचलित कानून बमोजिम स्थापना भई बीमा समितिमा दर्ता भएको कम्पनी-संग जीवन बीमा गरेकोमा सो जीवन बीमा बापत तिरेको प्रिमियम रकम मिह्ला हुने छ ।"

९. मूल नियमावलीमा नियम १५क. थपः मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५क. थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१५क. सूचनामा खुलाउनु पर्ने : कर अधिकृतले ऐनको दफा ३३ को उपदफा (४) बमोजिम करदातालाई सूचना दिंदा सो सूचनामा देहायका कुराहरू समेत खुलाएको हुनु पर्नेछ :–

(क) ऐनको दफा ३३ को उपदफा (२) बमोजिम कर निर्धारण गर्नु परेमा त्यसरी कर निर्धारण गर्नु परेको कारण र खूद आय कायम गर्दा सो उपदफामा उल्लेखित सबै वा कुनै आधार,

(ख) ऐनको दफा ३२ को उपदफा (३) बमोजिम कर निर्धारण गर्नु परेमा के कारणबाट कुन कुन शीर्षक अन्तरगतका रकमहरू खूद आयतर्फ समावेश गर्नु परेको हो सो कुराहरू ।"

१०. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ मा रहेका "उल्लेख गर्नु पर्नेछ र" भन्ने शब्दहरू पछि "ऐनको दफा ३४ को उपदफा (२क) बमोजिम राख्नु पर्ने धरौटी राखेको प्रमाण तथा" भन्ने शब्दहरू थपिएका छन् ।

११. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को उपनियम (५) मा रहेका "एक वर्ष सम्ममा" भन्ने शब्दहरूको सट्टा "दुई वर्ष भित्र" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल नियमावलीमा नियम २४क. थप: मूल नियमावलीको नियम २४ पछि देहायको नियम २४क. थपिएको छः–

"२४क. आय निर्धारण समितिले आय निर्धारण गर्ने: (१) ऐनको दफा ४० बमोजिम गठित आय निर्धारण समितिको अधिकारक्षेत्र भित्र पर्ने करदाताहरूको खूद आय:निर्धारण सो समितिबाट गराउनको लागि त्यस्ता करदाताहरूको आय विवरणहरू सम्बन्धित कर अधिकृतले सो समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) आय निर्धारण समितिले उपनियम (१) बमोजिम पेश हुन आएका आय विवरणहरूको आधारमा कुनै करदाताको खूद आय निर्धारण गरेको हो भन्ने कुरा आफ्नो निर्णयमा खुलाउनु पर्नेछ ।

(३) आय निर्धारण समितिले आय निर्धारण गरेपछि वा त्यस्तो आय निर्धारण गर्ने विषय आफ्नो अधिकारक्षेत्र भित्र नपर्ने ठहराए पछि त्यस्ता आय



३१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरणहरू आफ्नो निर्णय वा ठहर साथ सम्बन्धित कर कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

(४) आय निर्धारण समितिले आय निर्धारण गर्ने प्रयोजनको लागि कुनै करदातासंग केही कुरा सोधपुछ गर्नु पर्ने वा कुनै कागजपत्र पेश गराउनु पर्ने देखेमा आफैले त्यस्तो करदातालाई उपस्थिति हुने वा निजलाई आवश्यक कागजपत्र पेश गर्ने आदेश दिन सक्नेछ । आय निर्धारण समितिले करदाता वा निजले पेश गर्नु पर्ने कागजपत्र सम्बन्धित कर कार्यालय मार्फत पनि झिकाउन सक्नेछ ।"

१३. मूल नियमावलीको नियम २५ मा संशोधन : मूल नियमावलीको नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छः–

"२५. साना करदाताहरूको आयकर निर्धारण : उद्योग, व्यापार, पेशा वा व्यवसायबाट आय आर्जन गर्ने करदाताहरू मध्ये लेखाको आधारमा आय निर्धारण नहुने र वार्षिक साठी हजार रूपैयासम्म खूद आय हुने साना करदाताहरूको आयकर निर्धारण समितिले गर्नेछ ।"

१४. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छः–

"२६. साना करदाता आयकर निर्धारण समितिः (१) श्री ५ को सरकारले साना करदाताहरूको आयकर निर्धारण गर्नको लागि आवश्यकतानुसार समयावधि तोकि देहायका सदस्यहरू भएको साना करदाता आयकर निर्धारण समिति गठन गर्न सक्नेछः–

(क) कर कार्यालयको प्रमुख वा निजले तोकेको एकजना अधिकृत –अध्यक्ष

(ख) भन्सार अधिकृत वा निज नभएको ठाउँमा सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयको अधिकृत –सदस्य

(ग) अन्तःशुल्क अधिकृत वा निज नभएको ठाउँमा मालपोत अधिकृत –सदस्य

(घ) प्रतिनिधि, सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका –सदस्य

(ङ) प्रतिनिधि स्थानीय उद्योग वाणिज्य सङ्घ वा सङ्घ नभएको ठाउँमा प्रमुख जिल्ला अधिकारीले तोकेको एकजना प्रतिष्ठित व्यापारी –सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम गठित समितिको बैठकको लागि कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) उपनियम (१) बमोजिम गठित समितिले आफ्नो बैठक सम्बन्धी सम्पूर्ण कार्यविधि आफैंले निर्धारण गर्न सक्नेछ ।

(४) समितिले साना करदाताहरूका आकयर निर्धारण गर्ने सम्बन्धमा आवश्यकतानुसार विशेषज्ञहरूलाई पर्यवेक्षकको रूपमा बठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।"

१५. मूल नियमावलीको नियम २७ मा संशोधन : मूल नियमावलीको नियम २७ को सट्टा देहायको नियम २७ राखिएको छः–

"२७. साना करदाता आयकर निर्धारण समितिको काम, कर्तव्य र अधिकारः

(१) कर अधिकृतले छानबिन गर्दा समितिको अधिकारक्षेत्र भित्र पर्ने ठहराई पेश गरेका आय विवरणहरूसंग सम्बन्धित कारदाता-हरूको आयकरको निर्धारण समितिले गर्नेछ ।

(२) कर अधिकृतले ऐनको दफा २८ बमोजिम आय विवरण पेश गर्न आदेश दिएकोमा सो म्याद भित्र आय विवरण पेश नगर्ने करदातालाई आफ्नो आय सम्बन्धमा केही भन्न वा सबूद प्रमाण पेश गर्ने मौका दिंदा पनि आय विवरण पेश नगर्ने करदाताको सम्बन्धमा कर कार्यालयमा उपलब्ध कागजात तथा लगत तथ्याङ्कको आधारमा समितिले आयकर निर्धारण गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम आयकर निर्धारणको लागि पेश हुन आएका आय विवरण वा कागजातहरूको जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरको ठहराएमा समितिले कारण जनाई सम्बन्धित कर कार्यालय फिर्ता पठाउन सक्नेछ ।

(४) समितिले साना करदाताको आयकर निर्धारण गर्दा देहायका आधार-हरू मध्ये कुनै वा सबै आधार अपनाउन सक्नेछ । उक्त आधारहरूबाट आयकर निर्धारण हुन नसकेमा समितिले ऐनको दफा ३३ को उपदफा (२) मा उल्लिखित आधारहरू मध्ये कुनै वा सबै आधार लिई आय निर्धारण गर्न सक्नेछ ।

(क) करदाताको कारोवारको स्थान, कूल कारोवारको संख्या, कूल कारोवार (टर्न ओभर), गोदामको क्षमता, कारोवारको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थलमा रहेको स्टक, दैनिक खरीद बिक्री सम्बन्धी क्रियाकलाप वा कारोवारमा लगाइएको कामदारहरूको संख्याको आधार,

(ख) करदाताको पुरानो कारोवारको विषयमा स्थानीय व्यापार संघ वा अन्य व्यापारी वा व्यक्तिहरूसंग बुझ्दा देखिन आएको आधार,

(ग) कारोवारको वस्तु र परिमाणमा सोही ठाउँको अन्य यस्तै करदाता बुझेर वा करदाताको अघिल्लो वर्षमा कायम भएको आयको आधार,

(घ) करदाताको आर्थिक अवस्था वा निजको परिवारमा आश्रित व्यक्तिहरूको आय आर्जनको आधार,

(ङ) करदातासँग नै छलफल गरेको आधार ।

(५) समितिले आयकर निर्धारण गर्दा लिएको आधार आफ्नो निर्णयमा उल्लेख गर्नु पर्नेछ ।

(६) समितिले साना करदाताको कुनै आय वर्षको आयकर निर्धारण गर्नु भन्दा पहिले देहायका कुरा निश्चित गर्नु पर्नेछः–

(क) करदाताले वास्तविक रूपमा कारोवार शुरू गरेको मिति,

(ख) आयकर दर्ता प्रमाणपत्र संख्या ।

(७) उपनियम (६) को खण्ड (क) बमोजिम करदाताले वास्तविक रूपमा कारोवार शुरू गरेको मिति निश्चित गर्ने कुनै प्रमाण प्राप्त नभएमा वा करदाताबाट जानकारी हुन नसकेमा वा करदाताबाट जानकारी प्राप्त हुन आए तापनि करदाताको जिकिर मनासिव माफिकको नदेखिएमा समितिले उपनियम (४) मा उल्लिखित आधार लिई करदाताले कारोवार शुरू गरेको मिति निर्धारण गर्न सक्नेछ ।

(८) साना करदाताले दाखिल गर्ने आय विवरणको ढाँचा अनुसूची–६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(९) आयकर निर्धारणको प्रयोजनको लागि समितिले आवश्यक ठानेमा करदाताको पसल, गोदाम, कारखाना आदि ठाउँको निरीक्षण गर्न सक्नेछ ।

(१०) समितिले आयकर निर्धारण गरेपछि त्यसको लगत सम्बन्धित कर कार्यालय पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल नियमावलीमा नियम २९क., २९ख., र २९ग. थपः मूल नियमावलीको नियम २९ पछि देहायका नियम २९क., २९ख., र २९ग. थपिएका छन्ः–

"२९क. छूट अवधिको खुद आय निकाल्ने तरीकाः ऐनको दफा ४२ को उपदफा (२) वा (३) बमोजिम आयकर छूट पाउने अवधिको अन्तिम मिति करदाताको आय वर्षको बीचमा पर्न गएमा पूरै आय वर्षको खुद आयबाट अनुपातिक हिसाबले छूट पाउने अवधिको खूद आय कट्टा गरी बाँकी खूद आयमा मात्र कर निर्धारण गरिनेछ ।

२९ख. छुट्टै कर निर्धारण गरी आयकर छूट दिनेः ऐनको दफा ४२ बमोजिम औद्योगिक आयमा कर छूट दिने प्रयोजनको लागि कम्पनी ऐन, २०२१ अन्तर्गत स्थापना भएका र सम्बन्धित विभागमा दर्ता भएका उद्योगहरूको कर अधिकृतले छुट्टै कर निर्धारण गरी कर छूट दिनेछ ।

२९ग. वक्यौता कर मिह्न्हा हुन सक्ने अवस्थाः (१) ऐनको दफा ४४क. बमोजिम श्री ५ को सरकारले देहायका अवस्थामा वक्यौता कर आंशिक वा पूर्णरूपमा मिह्न्हा गर्न सक्नेछः–

(क) ऐनको दफा ५२ मा तोकिएको तरीका अनुसार कर निर्धारण आदेश बुझाएको मितिले दश वर्ष नाघेको,

(ख) करदाता खोज तलास गर्दा फेला नपरेको भन्ने कर निरीक्षकबाट प्रतिवेदन पेश भएको,

(ग) स्थानीय उद्योग वाणिज्य संघ र सरजमिनबाट करदाता फेला नपरेको भनी किटानी साथ लेखी आएको, वा

(घ) खण्ड (क) बमोजिमको अवधि नाघेको करदाता फेला परे पनि निजको आर्थिक अवस्था बिग्रेको कारणबाट निजले वक्यौता रकम बुझाउन नसक्ने भनि स्थानीय नगरपालिका वा गाउँ विकास समिति, उद्योग वाणिज्य संघ र कर निरीक्षकबाट लेखी आएको,

(२) उपनियम (१) बमोजिम कार्यविधि पूरा भएपछि सम्बन्धित कर अधिकृतले आफ्नो राय ठहरसाथ वक्यौता मिह्न्हाको लागि महानिर्देशक मार्फत श्री ५ को सरकारमा पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) ऐनको दफा ३ को उपदफा (५) बमोजिम श्री ५ को सरकारले वक्यौता मिह्ना गर्ने केही अधिकार महानिर्देशक वा कर अधिकृतलाई सुम्पेमा सुम्पिएको अधिकार बमोजिम मिह्ना गरिएको कर रकमको फाँटवारी महानिर्देशक वा कर अधिकृतले श्री ५ को सरकार समक्ष पठाउनु पर्नेछ ।"

१७. <u>मूल नियमावलीको अनुसूचीहरूमा संशोधनः</u> मूल नियमावलीको अनुसूचीहरूको,–

(१) अनुसूची–३ (ङ) झिकिएको छ ।

(२) अनुसूची–५ को सट्टा यसैसाथ संलग्न अनुसूची ५ राखिएको छ ।

(३) अनुसूची–५ पछि यसैसाथ संलग्न अनुसूची ६ थपिएको छ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–५
(नियम १० सँग सम्बन्धित )
ह्रास कट्टी र टुटफुट मिह्रा दर

| मालसामान | घट्दो ह्रास कट्टी प्रणाली अनुसारको ह्रास कट्टी दर (प्रतिशतमा) |
|---|---|
| १. भवन | |
| (क) सिमेण्ट वा बज्र सुर्कीको जोडाई | ५ |
| (ख) माटोको जोडाई | ७ |
| (ग) काठ वा घाँस फुसले बनेको (अस्थायी) | ५० |
| २. यातायातका साधनहरू | |
| (क) हवाई जहाज, हेलिकोप्टर | २५ |
| (ख) पानी जहाज | २० |
| (ग) बस, मिनिबस, ट्रक, लरी, रेल ईन्जिन, रेलको वेगन ट्रेक्टर | २० |
| (घ) कार, जीप, भ्यान, मोटर साईकल, स्कूटर, टेम्पो, सन साईकल | १५ |
| (ङ) साईकल, रिक्सा | २० |
| (च) जनावरको प्रयोगबाट सञ्चालन हुने सवारी साधन र डुङ्गा | २५ |
| (छ) माथि नपरेका अन्य सवारी साधन | १५ |
| ३. फर्निचर | |
| (क) धातुको | १० |
| (ख) काठको | १५ |
| ४. यन्त्र, उपकरण र औजार | |
| (क) भवन, सडकपुल, खानी, टनेल निर्माण सम्बन्धी– | |
| (अ) क्रेन, बुल्डोजर, डोजर, ग्रेडर, रोलर, ड्रम्प ट्रक र यस्तै प्रकृतिका यन्त्र, उपकरण | २५ |
| (आ) अन्य हलुका यन्त्र र उपकरण | १५ |
| (ख) विद्युत् सम्बन्धी यन्त्र, उपकरण र टेलिफोन | १५ |
| (ग) रेफ्रिजेरेटर, एयर कन्डिसनर, एयरकुलर र यस्तै प्रकृतिका यन्त्र उपकरण | १५ |
| (घ) लिफ्ट, एलिभेटर तथा एस्क्यालेटर | १५ |
| (ङ) कम्प्युटर तत्सम्बन्धी उपकरणहरू | २० |



३२२

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (च) | चलचित्र निर्माण तथा प्रदर्शन सम्बन्धी यन्त्र उपकरण | २० |
| (छ) | ईंट तथा टायल बनाउने फ्रेम | २५ |
| (ज) | रबर र प्लाष्टिकका सामान बनाउने कार्यमा प्रयोग हुने यन्त्र उपकरण | १५ |
| (झ) | होजियारी तथा ऊनका सामान बनाउने कार्यमा प्रयोग हुने यन्त्र उपकरण | १५ |
| (ञ) | क्यानभास वा छालाका सामान सिलाई गर्ने तथा टास्ने यन्त्र उपकरण | १५ |
| (ट) | चिया कारखानामा प्रयोग हुने यन्त्र, उपकरण र प्लान्ट (रोलर र ड्रायर समेत) | १५ |
| (ठ) | जुस ब्वाईलिङ पेन्स (कराई) | २० |
| (ड) | उखू पेल्ने मेशीन | १५ |
| (ढ) | सलाई बनाउन प्रयोग हुने काठको फ्रेम | २० |
| (ण) | चिकित्सा कार्यमा प्रयोग हुने औजार तथा उपकरण | १५ |
| (त) | एक्सरे मेशीन | २० |
| (थ) | प्रयोगशालामा प्रयोग हुने यन्त्र, उपकरण | १५ |
| (द) | कार्यालय सम्बन्धी मालसामान एवं उपकरणहरू (टाइप राइटर, क्यालकुलेटर, डुप्लिकेटिङ्ग मेशीन, फोटोकपी मेशीन आदि) | १५ |

५. माथि नपरेका अन्य मालसामानहरू १५

१. औद्योगिक उत्पादनमा प्रयोग हुने स्थिर सम्पत्तिमा माथिको दर अनुसार कायम हुने ह्रास कट्टीमा प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कुनै थप सहुलियत दिएको भएमा सोही अनुसार थप सहुलियत दिइनेछ ।

२. प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम थप सहुलियत नपाउने गोदामघर तथा सेड वेड र होटल, लज, रेष्टुराँ, सिनेमाघर, नाचघर आदिको फर्निचरमा यो अनुसूची अनुसारको दरमा थप २५ प्रतिशत ह्रासकट्टी दिइनेछ।

३. काठ र धातुको मिश्रण वा अन्य कुनै पदार्थबाट बनेको फर्निचरमा दफा ३ को खण्ड (ख) बमोजिम ह्रास कट्टी दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अन्तर्राष्ट्रिय बोलपत्रद्वारा लिएको ठेक्का कार्यमा प्रयोग गरिने सम्पत्तिहरू मध्ये ह्रास कट्टीको वर्गीकरणमा स्पष्ट उल्लेख नभएका सम्पत्तिहरूको ह्रास कट्टीको प्रयोजनको लागि सम्बन्धित कन्सल्टेण्ट र परियोजना प्रमुख वा विभागीय प्रमुखले सिफारिश गरे अनुसार सम्पत्तिहरूको वर्गीकरण गरी माथि उल्लेखित दर अनुसार ह्रास कट्टी दिइनेछ ।

५. समदर प्रणाली अनुसार ह्रास कट्टीको तरीका देहाय बमोजिम हुनेछः–

| घट्दो ह्रास कट्टी प्रणालीको दर | समदर प्रणालीको ह्रास कट्टीको दर |
|---|---|
| ५ प्रतिशत | १.६५ प्रतिशत |
| ७ " | २.६० " |
| १० " | ३.४० " |
| १५ " | ५.३० " |
| २० " | ७.३० " |
| २५ " | ९.६० " |
| ५० " | १९.२० " |

मुद्रण विभाग, सिंहदरबार

228



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
(नियम २७ को उपनियम (८) सँग सम्बन्धित)

श्री अध्यक्ष ज्यू,

साना करदाता आयकर निर्धारण समिति,
काठमाडौं...............

मेरो । हाम्रो आर्थिक वर्ष... ... ... ... ... महीनाको आयकर निर्धारण गर्न प्रयोजनको लागि निम्नानुसारको विवरण पेश गरेका छु।छौं । त्यसमा ऐन, नियम अनुसार निर्धारण भै लागेको कर रकम म्याद भित्र बुझाउने छु।छौं । उल्लेखित अवधिमा मेरो । हाम्रो आयकर लाग्ने खूद आय रू. ६०,०००।– भन्दा बढी नभएकोले नियमानुसार त्यस समितिबाट आयकर निर्धारण भएमा मेरो । हाम्रो मन्जुरी छ ।

कुनै आयस्रोत र आय आर्जनसमेत लुकाए दबाएको छैन पछि झुट्ठा प्रमाणित भएमा आयकर ऐन बमोजिम सहने बुझाउने छु । छौं ।

| आयको शीर्षक | वार्षिक कारोबार गरेको कूल अङ्क (टर्न ओभर) | खर्च कटाई खूद आय र सरदर मुनाफा प्रतिशत | कैफियत |
|---|---|---|---|
| उद्योग, व्यापार, पेशा व्यवसाय | | | |
| पारिश्रमिक | | | |
| घर जग्गा बहाल | | | |
| अन्य स्रोत | | | |
| जम्मा | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**कारोवार सम्बन्धी अन्य विवरण**

१) व्यक्ति । फर्म । कम्पनीको नामः–

२) मुख्य व्यक्तिको नाम, ठेगाना र पेशाः–

३) कारोवार रहेको स्थान (पूरा ठेगाना) र पेशाः–

४) प्रोप्राइटरशीप । साझेदारी । प्रा.लि. । लि.

५) कारोवारको किसिमः–

(क) मुख्य कारोवार गर्ने वस्तुको नामः– ...................

(ख) थोक वा खुद्रा वा दुबै........

६) कारोवार शुरू गरेको मितिः–

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी धूलो दूध तथा घृतांश रहित धूलो दूधको गुणस्तर वा मात्रा निम्न बमोजिम निर्धारण गरेकोले यो आदेश जारी गरेको छ ।

**०१.१६ धूलो दूधः**

धूलो दूध (Whole Milk Powder) भन्नाले गाई वा भैंसी वा दुबैको दूधको संमिश्रणलाई वा निर्धारितस्तरको दूधलाई राम्ररी जल निष्काशन गरी तयार गरिएको खाद्य पदार्थ सम्झनु पर्दछ । यसमा तौलको हिसाबले ०.३ प्रतिशतमा नबढ्ने गरी क्यालसियम क्लोराइड, सोडियम साइट्रेट, अर्थोफोस्फोरिक एसिड र पोलीफोस्फोरिक एसिडको सोडियम साल्ट समावेश भएको हुन सक्नुको साथै व्युटिलेटेड हाइड्रोक्सी एनिसोल (B. H. A.) तौलको हिसाबले ०.०१ प्रतिशत भन्दा बढी नभएको भई निम्न बमोजिमको गुणस्तर परिधि अनुरूपको हुनु पर्दछ ।

| | |
|---|---|
| १. जलांश (Moisture) | ५.० प्रतिशत बढीमा |
| २. दूधको चिल्लो पदार्थ (Milk Fat) | २६.० प्रतिशत घटीमा |



–आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. अम्लता (ल्याक्टिक एसिडको हिसाबले) १.२ प्रतिशत बढीमा
४. घुलनशीलता (Solubility) ९८.० प्रतिशत घटीमा
५. टोटल प्लेट काउण्ट (Total Plate Count) ५०,००० प्रतिग्राम बढीमा
६. कोलिफर्म (Coliform) अनुपस्थित (०.१ ग्राममा)

द्रष्टव्यः जल निष्काशनको लागि अपनाइएको विधि लेवलमा प्रष्ट उल्लेख भएको हुनु पर्दछ । उपरोक्त बमोजिम उत्पादन गरिएको दूधको धूलो द्रबण मुद्रित (Hermetically sealed) भाँडामा प्याक गरिएको हुनुपर्दछ र उक्त भाँडामा उत्पादन मिति तथा प्रयोगमा ल्याउन सकिने अवधि प्रष्ट उल्लेख भएको हुनुपर्दछ ।

०१.१७ घृतांश रहित धूलो दूधः

घृतांश रहित धूलो दूध (Skimmed Milk Powder) भन्नाले घृतांश रहित गाई वा भैंसीको वा दुवैका दूधको संमिश्रणलाई वा निर्धारित स्तरको घृतांश रहित दूधलाई राम्ररी जल निष्काशन गरी तयार गरेको खाद्य पदार्थलाई सम्झनु पर्दछ। यसमा ०.३ प्रतिशतमा नबढ्ने गरी क्यालसियम क्लोराइड, सोडियम साइट्रेट, अर्थोफोस्फोरिक एसिड र पोलिफोस्फोरिक एसिडको सोडियम साल्ट समावेश भएको हुन सक्नुको साथै ब्युटिलेटेड हाइड्रोक्सी एनिसोल (B. H. A.) तौलको हिसाबले ०.०१ प्रतिशत भन्दाबढी नभएको भई निम्न गुणस्तर परिधि अनुरूपको हुनुपर्दछ ।

१. जलांस (Moisture) ५.० प्रतिशत बढीमा
२ दूधको चिल्लो पदार्थ (Milk Fat) १.५ प्रतिशत बढीमा
३. अम्लता (ल्याक्टीक एसिडको हिसाबले) १.५ प्रतिशत बढीमा
४. घुलनशीनता ( Solubility ) ९८.० प्रतिशत घटीमा
५. टोटल प्लेट काउण्ट (Total plate count) ५०,००० प्रतिग्राम बढीमा
६. कोलिफर्म (Coliform) अनुपस्थित (०.१ ग्राममा)

द्रष्टव्यः जल निष्काशनको लागि अपनाइएको विधि लेबलमा प्रष्ट उल्लेख भएको हुनुपर्दछ । उपरोक्त बमोजिम उत्पादन गरिएको दूधको धूलो द्रबण मुद्रित (Hermetically sealed) भाँडामा प्याक गरिएको हुनुपर्दछ र उक्त भाँडोमा उत्पादन मिति तथा प्रयोगमा ल्याउन सकिने अवधि प्रष्ट उल्लेख भएको हुनुपर्दछ ।

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव

३२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।